जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ५, २०८२ भदौ ५ गते विहीबार, 21 Aug 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

'गौतम बुद्ध पर्यटन पार्क' स्थानीय पर्यटन प्रवर्दनको सम्भावना



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर जिल्लाको पूर्वी भेगमा पर्ने बकैया गाउँपालिकाको वडा नम्बर ६ मा शान्तिको एउटा प्रतीक भल्काउने 'गौतम बुद्ध पर्यटन पार्क' निर्माण भएको केही समयमै धार्मिक आस्थाको केन्द्र र स्थानीय पर्यटन प्रवर्द्धनको सम्भावनाशील स्थलका रुपमा परिचित हुँदै आएको छ ।

पार्कको मूल आकर्षण शान्त मुद्रा र विशाल आकारको गौतम बुद्धको मूर्ति हो । अहिले लिटिल बुद्धको मूर्ति थापना भएपनि यहि क्षेत्रमा विशाल मूर्ति निर्माणको तयारीमा गाउँपालिका छ । यस मूर्तिले नजिक गएपछि मानवीय भावनालाई गहिरो बनाउँछ र आत्मसमीक्षा गर्न उत्प्रेरित गर्छ। मूर्तिको पछाडि हरियाली, फूलबारी, र बगैंचाले पार्कलाई पर्यावरणीय दृष्टिले पनि सन्तुलित बनाएको छ।

बकैयाको 'गौतम बुद्ध पर्यटन पार्क'मा किन घुम्नुपर्छ भन्ने लागेको होला । तर, जिल्लाको पूर्वी क्षेत्रको यस स्थानमा शान्त अनी आनन्दको वातावरण रहेको बकैयाका श्याम ढकाल बताउँछन् ।

स्थापना पछिको केही वर्षभित्रै यो स्थलले गाउँका बासिन्दा मात्र नभई छिमेकी जिल्लाबाट आउने पर्यटकलाई पनि हेटौंडा उपमहानगर पालिका अन्तर्गतको बुद्धचोकबाट करिब २८ किलोमिटर दूरीमा रहेको यो पार्क निजी सवारी वा दयाक्सीमार्फत सहजै पुग्न सकिने दूरीमा छ। करिब ४० मिनेटको गाडी यात्रापछि सुगन्धित वनजङ्गल पार गर्दै यहाँ पुग्न सकिन्छ। पैदलयात्राका लागि समय बढी लागे पनि बाटो रमणीय छ, फोटोग्राफी, दृश्यावलोकन र पिकनिक प्रेमीहरुका लागि उपयुक्त स्थान मानिने स्थानीय बासिन्दाहरू बताउँछन् ।

पार्क भ्रमण गर्न चाहनेका लागि वसन्त (फागुन / बैशाख) र शरद (असोज/मङ्सिर) महिनाहरु अत्यन्त उपयुक्त मानिन्छ। मौसम सुहाउँदो हुन्छ, घाम र छायाको सन्तुलनले यात्रालाई मनमोहक बनाउँछ। विशेषगरी वैशाख पूर्णिमा अर्थात् बुद्ध जयन्तीका अवसरमा यहाँ भव्य कार्यक्रमहरु आयोजना गरिन्छन्, जसमा स्थानीय संस्कृति, पूजा/पाठ, भजन/कीर्तन र सामूहिक प्रार्थनाले गहिरो अनुभूति दिन्छ।

यात्रुहरु आरामसँग समय बिताउन सकुन् भन्ने उद्देश्यले यहाँ शौचालय, पानी, विश्रामस्थल, फूलबारी, फोटो स्टेसन, ध्यान कक्ष जस्ता संरचनाहरु पनि बनाइएका छन्। यहि मित्र डम्फु पार्क पनि निर्माण गरिएको छ र विशाल मूर्ति राखें भनेर ताला पनि निर्माण गरिएको छ जुन संरचना निर्माण भएपछी झनै आकर्षण देखिन्छ । पार्क केवल मनोरञ्जनको केन्द्र मात्र होइन, यो धर्म, संस्कृति, प्रकृति र समुदायको संगमस्थल हो। बुद्धको शिक्षालाई मूर्त रुप दिन सक्ने प्रयास स्वरुप बनेको यस पार्कले "शान्तिका लागि आन्तरिक यात्रा" गर्न चाहनेहरुका लागि अनौठो ऊर्जा दिनेछ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा



अब एमबीबीएस अध्यापन

○ गणेश दुलाल

मकवानपुर । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमबीबीएस अध्यापन सुरू गर्दैछ, जसका लागि ५० सिट स्वीकृत भएको छ।

प्रतिष्ठानले हेटौंडा अस्पताललाई सेवा क्षेत्र बनाएको छ, जहाँ दैनिक १५०० मन्दा बढी बिरामी आउने गर्छन्।

नयाँ शैक्षिक भवन निर्माणमा ढिलाइ र भौतिक संरचनाको अभावका कारण प्रतिष्ठानले भाडाका घर प्रयोग गरिरहेको छ।

मकवानपुर । बागमती प्रदेश सरकार अन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सा शिक्षातर्फ स्नातक तकको एबीबीएस अध्यापन थाल्ने भएको छ । चिकित्सा शिक्षा आयोगले यसै शैक्षिक सत्रदेखि एमबीबीएस पढाउनका लागि ५० सिट स्वीकृति प्रदान गरेसँगै प्रतिष्ठानले अध्यापनको तयारी थालेको हो ।

आयोगको २१ औं बोर्ड बैठकले प्रतिष्ठानलाई ५० सिटमा एमबीबीएस अध्यापन गर्न स्वीकृति दिएको हो । आगामी माघदेखि अध्यापन सुरू गर्ने गरी व्यवस्थापनको काम थालिएको प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईंले जानकारी दिए ।

२०७६ मा प्रदेश सभाबाट गठन भएको प्रतिष्ठान ऐन जारी गरिएको थियो । २०७७ साउन १५ मा प्रतिष्ठानको उपकुलपति र भदौ १५ गते अन्य पदाधिकारी नियुक्त गरी कार्य प्रारम्भ गरिएको थियो । उनीहरुको कार्यकाल पूरा भइसकेको छ भने गत असोजमा नयाँ पदाधिकारी नियुक्त भएर काम गर्दै आएका छन् ।

गुरागाईंका अनुसार आयोगले सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तीर्ण छात्रछात्रालाई भर्नाका लागि सिफारिस गर्ने र सोही अनुसार प्रतिष्ठानले भर्ना गरेर अध्यापन थाल्ने तयारी छ । प्रतिष्ठानमा स्नातकोत्तर तहको एमडीजीपी (विशेषज्ञ) पीजी तथा स्नातक तहका कार्यक्रम सञ्चालित छन् । प्रतिष्ठानमा बीएससी नर्सिङको सिट ३० बाट बढाएर ३० पुऱ्याइएको छ । मेडिकल ल्याब टेक्नोलोजी र पब्लिक हेल्थ (बीपीएच) कार्यक्रम भने २०/२० सिट कायम छन् । यसै गरी ब्याचलर अफ फार्मेसी कार्यक्रम ३० सिटमा पढाइ भइरहेको छ ।

स्नातक तहका यी कार्यक्रमसँगै प्रतिष्ठानले स्नातकोत्तर तहमा एमडीको ७ वटा विषयमा यसै वर्षबाट अध्ययन सुरू गर्न लागेको हो, जसमा कुल ८ सिट स्वीकृति प्रदान गरिएको छ । स्त्री तथा प्रसूति विभागमा ३ सिट, फिजिसियन, जनरल सर्जरी, बाल रोग, हाडजोर्नी तथा नसा रोग, फेमिली फिजिसियन र एनेस्थेसियोलोजीमा एक एक सिट छन् ।

प्रतिष्ठानले स्वास्थ्य शिक्षा विस्तारसँगै विशेषज्ञ चिकित्सक उत्पादन, गुणस्तरीय उपचार सेवा र आधुनिक अनुसन्धान प्रवर्द्धन गर्दै आएको प्रतिष्ठानका उपकुलपति प्रदिप ज्ञवालीले बताए । प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको उत्पादनसहित सेवा प्रवाहमा पनि उपलब्धिमूलक काम गरेको उनको भनाइ छ ।

ज्ञवालीका अनुसार प्रतिष्ठानले हाल हेटौंडा अस्पताललाई आफ्नो सेवा क्षेत्रको रुपमा अघि बढाएको छ । हाल हेटौंडा अस्पतालमा उपचारका लागि दैनिक १ हजार ५०० मन्दा बढी बिरामी आउने गरेका छन् ।

प्रतिष्ठानले एमबीबीएस अध्यापनका लागि शिक्षक भर्ना, पाठ्यक्रम संरचना तयार पार्ने र प्रवेश परीक्षाको समन्वयजस्ता विषयमा काम गरिरहेको उपकुलपति ज्ञवालीले जानकारी दिए । 'प्रदेशमै गुणस्तरीय चिकित्सा शिक्षा प्रदान गर्ने उद्देश्यले प्रतिष्ठानले पहिलोपटक एमबीबीएस कार्यक्रम थालनी गर्न लागेको हो । यो ऐतिहासिक अवसर हो, जसले बागमती प्रदेशका विद्यार्थीलाई स्वदेशमै मात्र नभएर प्रदेशमै स्वास्थ्य शिक्षा हासिल गर्ने अवसर दिनेछ ।'

संरचना निर्माणमा सरकारको उदासीनता

स्नाकोत्तर तहको एडीजीपी र स्नातक तहको बीएससी नर्सिङ, फार्मेसी, जनस्वास्थ्य लगायतका विषय अध्यापन गरि रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको संरचनागत विकास भने कमजोर देखिएको छ । यसै शैक्षिक सत्रबाट एबीबीएस अध्ययन सुरू गर्ने क्रममा रहेको प्रतिष्ठानको कार्यालयसमेत व्यवस्थित र स्थायी छैन ।

प्रतिष्ठानले भाडाका घर तथा पुराना भवन मर्मत सुधार गरेर आफ्ना प्रशासनिक काम तथा शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको

बाँकी पेज ५ मा

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

दीर्घकालिन राहत अबको अपरिहार्यता

बागमती प्रदेशको मनहरी गाउँपालिका ६, दैलीडाँडामा चट्याङ लागेर २ दिन अघि विशाल ब्लोनको निधन भयो। यो घटनाले परिवार माथि अकस्मात् आइपरेको बज्रपात त छ नै, प्रकृतिक प्रकोपले निम्त्याउने मानवीय संकटको गम्भीरताको उजागर पनि हो। बागमती प्रदेश सरकारले मृतकका परिवारलाई एक लाख रूपैयाँ आर्थिक सहयोग दिने निर्णय गर्‍यो । सरकारको यो निर्णयले पीडित परिवारलाई तत्काल राहत त दिन्छ नै, साथै संकटको बेला राज्य उनीहरुसँग छ भन्ने विश्वास पनि दिलाउँछ। यो सहयोग रकम केही आर्थिक सहायता दियो, तर दीर्घकालिन समस्या यतिले रोकिदैन । भोलीका दिनमा यस्ता घटना फेरि फेरि नहोस् भनेर सरकारी तहबाट दीर्घकालिन सोचको कार्यक्रम आवश्यक छ ।

छिटो र प्रभावकारी ढंगले निर्णय लिँदा विपद् व्यवस्थापन प्रणाली अझ बलियो बन्न सक्छ। साथै, प्रदेश सरकारले यो सहयोग रकम उपलब्ध गराउनका लागि कानुनी प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ,जुन पारदर्शिता र जवाफदेहिताको दृष्टिले पनि सकारात्मक मान्न सकिन्छ। यद्यपि, यो घटनालाई एउटा उदाहरणको रुपमा लिएर सरकारले दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ।

नेपालमा चट्याङ, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरु सामान्य भइसकेका छन्। विपद्को जोखिम न्यूनीकरण गर्न र भविष्यमा हुने क्षतिलाई कम गर्नका लागि पूर्वतयारी र सचेतना आवश्यक छ। प्रदेश सरकारले विपद् कोषलाई अझ व्यवस्थित र सक्रिय बनाउनुका साथै विपद्को जोखिममा रहेका क्षेत्रहरुमा जनचेतना जगाउने अभियान चलाउनुपर्छ। चट्याङबाट बच्ने उपायहरु, सुरक्षित स्थानको पहिचान र प्राथमिक उपचारबारे जानकारी दिनु आवश्यक छ। सरकारले पीडित परिवारलाई प्रदान गरेको आर्थिक सहायता प्रशंसनीय छ, तर अबको चुनौती यस्ता घटना दोहोरिन नदिनका लागि आवश्यक संरचना र नीति चाहिन्छ।

'हामीसँग समय कति छ ?'

जिन्दगी धान्नलाई काम..काम भन्दाभन्दै जीवन बाँच्नै पाएको छैन, सहजरूपमा जीवन बाँच्नु छ । प्राकृतिक दृष्यहरू हेर्नु छ, आफ्नै देशका डाँडाकाँडा, हिमाल, तराई, पहाड घुम्नु छ । अरुको जीवनमा अलिकति आत्मविश्वास भर्नु छ, जिन्दगीमा भोगको अनुभवहरू लेख्नु छ, बोल्नु छ, के के छ के के ।



बबिता बस्नेत

कहिलेकाहीँ लाग्छ जीवन धेरै लामो छ । कहिले लाग्छ जीवन छोटो छ । खासमा जीवन छोटो छ कि लामो ? सायद लामो र छोटो दुवै छ । हामीले खुशीसाथ सहजरुपमा समय बिताउन पायौं भने जीवन छोटो छ, तनावमा रहेर सकसपूर्ण बाँच्नु पऱ्यो भने जीवन लामो छ ।

जीवनलाई सकसपूर्ण बनाउने कि सहज भन्ने कुराचाहिँ आफूवरिपरिका कतिपय कुरालाई हेर्ने दृष्टिकोणमा भर पर्छ । कसले के खायो, के लायो, किन त्यस्तो गऱ्यो, कसरी त्याहाँ पुग्यो जस्ता कुराहरुबाट मुक्त हुनासाथ जीवन सहज हुन्छ । 'समय' जिन्दगीमा निकै महत्वपूर्ण कुरा हो । आएको समय, गएको पनि समय । आउँदैछ जस्तो लाग्ने पनि समय, जाँदैछ जस्तो लाग्ने पनि समय ।

जन्मिदाको पनि समय, मर्दाको पनि समय । यही समय हो जहाँ हामी जन्मन्छौं, यही समय हो जहाँ हामी हुर्किन्छौं र आफ्नो जीवनका विविध पाठा बिताउँछौं, यही समय हो हामी मर्छौं । अनि यही समय हो हामी बाँचिरहेका छौं । हामीसँग जिन्दगीको कति समय बाँकी छ भनेर चाहिँ हामी करौले पनि भन्न सक्दैनौं ।

जिन्दगीको पूरै समय बाँचियो भने हामी ८० वा ८५ को आसपास या वरपर बाँच्छौं । हामीले आ आफ्नो उमेरलाई केन्द्र बिन्दु मानेर हेर्यौं त अब कति समय बाँकी छ ? मेरो उमेरको हार हारीका मानिसको बढिमा ३० वर्ष । त्यसो त भोलि नै या एकैछिनपछि नै जेपनि हुनसक्ने वास्तविकताका साथ हामी बाँचिर हेका छौं । तथापि पूरा समय बाँचियो भने ३० वर्ष, त्यो ३० वर्षमा १५ वर्ष त रात नै हुन्छ, बाँकी रह्यो १५ वर्ष । विगतको १५ वर्षलाई हेर्यौं त कसरी एकैछिन जस्तो गरेर बितेको थियो ? यो १५ वर्षमा कसैलाई राम्रो गर्नका लागि त समय छैन, नराम्रो गर्ने समय कहाँ पाउनु ? कति काम गर्नु छ, कति मूल्य मान्यताहरु बदल्नु छ, कति नयाँ नयाँ कुराहरु अपनाउनु छ । जिन्दगी धान्नलाई काम.. काम मन्दामन्दै जीवन बाँच्नै पाएको छैन, सहजरुपमा जीवन बाँच्नु छ । प्राकृतिक दृष्यहरु हेर्नु छ, आफ्नै देशका डाँडाकाँडा, हिमाल, तराई, पहाड घुम्नु छ । अरूको जीवनमा अलिकति आत्मविश्वास भर्नु छ, जिन्दगीमा भोगको अनुभवहरु लेख्नु छ, बोल्नु छ, के के छ के के !

पूर्वीय दर्शनले समयलाई चार युगमा विभाजित गरेको छ, सत्य युग, त्रेता युग, द्वापर युग र कलि युग । सत्य युग १७ लाख २८ हजार वर्षको थियो भन्ने छ । त्रेता युग १२ लाख ९६ हजार, द्वापर युग ८ लाख ६४ हजार र कलि युग ४ लाख ३२ हजार वर्षको । तर कुनै पनि मानिसको जिन्दगीको समय तोकिएको छैन । जतिसुकै धनी होस् या नामी, कसको समय कति हो कसैले भन्न सकेको छैन । सत्ता, शक्ति सबै क्षणिक हुन् । तथापि, आफू ठाउँमा हुँदा राम्रो गर्‍यो भने आगामी पुस्तालाई काम लाग्ने रहेछ ।

विगतमा राणाजीहरुले गरेका कतिपय कामहरु राम्रा थिएनन् होला तर उनीहरुले तुला र राम्रा भवनहरु बनाइदिएका कारण अहिले हामीलाई ती भौतिक संरचनाको प्रयोग गरेर संचालन गर्न सहज भएको छ । प्रधानमन्त्री कार्यालय, मन्त्रालयका भवनहरु हेर्दा राम्रा छन् । हिजोका पुस्ताले निर्माण गरिदिएका कारणले यी भौतिक संरचनाहरु अहिलेका पुस्तालाई उपयोग गर्न सहज भएका हुन् । हामीअघिको पुस्ताले हामीलाई प्रजातन्त्र ल्याइदिएर स्वतन्त्रता दियो । हाम्रो पुस्ताले आगामी पुस्तालाई के दिने हो ? हामी सबैको मनमा यस्ता प्रश्नहरुले ठाउँ लिनु आवश्यक छ जस्तो लाग्छ ।

विगतमा राणाजीहरुले गरेका कतिपय कामहरु राम्रा थिएनन् होला तर उनीहरुले तुला र राम्रा भवनहरु बनाइदिएका कारण अहिले हामीलाई ती भौतिक संरचनाको प्रयोग गरेर संचालन गर्न सहज भएको छ । प्रधानमन्त्री कार्यालय, मन्त्रालयका भवनहरु हेर्दा राम्रा छन् ।

प्रकृति र मानिसको शरीरबीच गहिरो सम्बन्ध छ । आफूवरिपरिका रूखलाई हेर्यौं, केही वर्षअघिसम्म कल्कलाउँदो बिरूवा थियो, हुर्किँदै गयो, बढ्दै गयो, फूल फुल्न थाल्यो, फल लाग्न थाल्यो । फूल फुल्दै गर्दा मानिसहरुले आहा... भने, कति राम्रो भनेर प्रशंसा गरे, बाटो हिँड्दै गरेका बटुवाले पनि एकछिन उभिएर हेरे, भमराहरु झम्मिए, वरिपरिको माहोल नै रमणीय बन्यो ।

फल लागेपछिको अवस्थाको त झन् कुरै भएन, हेर्दै रमाइलो । खान मिल्ने नमिल्ने कुनै पनि फल फलेको बेला रूख झन् राम्रो देखियो । चराहरु झुम्मिए, मानिसहरुले फल टिपे र रमाउँदै खाए । कतिपय फलहरुलाई असिनाले झाऱ्यो, कति चिचिलैमा निमोठिए, घाम पाएनन् र कतिलाई चाहिँ हावाहुरीले झाऱ्यो । वर्षौंसम्म फल दिएको रूख हेर्दाहेर्दै बिस्तारै कम फुल्न थाल्यो र थोरै फल दिन थाल्यो । पातहरु झर्न थाले, जिङ्गिङ्ग पर्न थाल्यो । चराहरु बास बस्न छोडे, मानिसहरुको पनि आँखा जान छोड्यो । केही वर्ष जिङ्गिएर अन्ततः रूख मऱ्यो, मर्छ ।

मानिसको जीवन पनि त्यस्तै हो । कलिलो बच्चा बढ्दै गएर युवा बन्यो । युवा महिला, पुरूष या एलजीबीटीआइक्यू जे भएपनि शारीरिक परिवर्तनहरु भए । जीवनमा कहिले उत्साह उमङ्ग छायो त कहिले निराशाले घेऱ्यो । फल लागेका वृक्षको पछिलागे जस्तै गरी धन सम्पत्ति, पद भएका मानिसहरुका पछि कतिपय मानिसहरु लागे र खासै केही नभएकाहरुका पछि मानिसहरुको भीड लागेन । जीवनयात्रा अघि बढाउँदै जाँदा अनेक हुरी, खडेरी, खाल्डाखुल्डी, असिना जीवनमा पनि पऱ्यो । धान्न सक्नेले धाने, धान्न नसक्नेले संसार छोडेर पनि गए, जसरी कतिपय रूखहरु बीचैमा मरेका थिए ।

रूखका हाँगाहरु छिमलिएजस्तै मानिसका पनि कति इच्छा, आकांक्षा र चाहनाहरु छिमलिए, कतिले मौलाउने मौका पनि पाए । रूखको बोक्राहरु सुक्दै गएर साँघुरिए झैं मानिसको मुहारमा पनि चाउरी परेर वरिपरि रेखाहरु बस्न थाले, बसे । कालो कपाल फूलेन थालेपछि तिलचामले हुँदै सेतो रङ्गमा परिणत हुन थाल्यो, भयो । फल लाग्न छोडेको रूखलाई झैं मानिसहरुले अलि फरक व्यवहार गर्न थाले । कुनै बेला आफ्ना बोली, शब्दहरु सुन्न अघिपछि झुम्मिने मानिसका समूह कता गए थाहा भएन तर आफूले भन्न खोजेको कुरा सुनिदिने कोही भएन । कता कता हराए जस्तो, एक्लिए जस्तो महसूस हुँदाहुँदै जिन्दगी सकियो, सकिन्छ ।

हामीले व्यक्त गरेपनि नगरेपनि जिन्दगीको वास्तविकता यही नै हो । त्यसैले अहिले हामी जहाँ छौं, जस्तो अवस्थामा छौं एकर्कामा सहयोगी भएर बिताऔं न कि अर्कालाई कसरी सकुँ भन्ने रणनीति बनाएर । जीवनको अन्तिम अवस्थामा मैले अरूलाई दुःख दिएका कारण खुशी जीवन बाँचें भन्ने मान्छे अहिलेसम्म भेटिएको छैन । अरूलाई दुख दिने, अरूको बारेमा नराम्रो सोच्ने मानिसहरुले पश्चाताप नै गरेको देखिएको छ ।

'अब मेरो समय कति छ र !' भनेर निराश हुने मानिस पनि भेटिएको, देखिएको छ । जुन कुरा सही होइन । मसँग धेरै समय नभएका कारण यी दुई/चार वटा राम्रा कामचाहिँ गरिहालुँ भनेर गर्न सक्यो भने सबाना कुराले पनि जीवनमा खुशी दिन सक्छ । सबै मानिसले नीति, कानून, पुलपुलेसा, सडक नै बनाउनुपर्छ भन्ने छैन, आफू जहाँ छौं त्यहींबाट सामान्य प्रयास गर्दा पनि करौको जीवन सहज हुन सक्छ । आफ्नो उमेर हेर्यौं, वर्षहरु गन्यौं, जिन्दगीलाई फर्किएर हेर्यौं, आफू सहज बाँचौं र अरूलाई पनि सजिलो गरि बाँच्न सक्ने वातावरणको सिर्जना गरौं ।

घटना र विचारबाट

बागमतीमा कांग्रेसबाट थपिएका पाँच मन्त्री को कस्ता ?



गणेश दुलाल

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्रीले मन्त्रीमण्डल विस्तार गर्दै कांग्रेसका ५ जना मन्त्री नियुक्त गरे। नियुक्त हुने मन्त्रीहरुमा सहिद परिवारका सदस्य, सत्याग्रही र लामो समयदेखि राजनीतिमा सक्रिय नेताहरु छन्।

नियुक्त मन्त्रीहरुमा सुरेश श्रेष्ठ, कञ्चनचन्द्र बादे, प्रभात तामाङ, उर्मिला नेपाल र बिनु रायमाझी रहेका छन्। मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सर कारलाई पूर्णता दिँदै कांगेसका ५ मन्त्रीलाई नियुक्त गरे । प्रदेशका १४ मन्त्रालयमा एमालेका ६ र कांग्रेसका ८ मन्त्री नियुक्त गर्दै सरकार लाई पूर्णता दिएका मुख्यमन्त्री बानियाँले शुक्रबार नियुक्त गरेका ५ मन्त्री सहिद परिवारदेखि २०४२ को सत्याग्रहका साझेदारसम्म रहेका छन् ।

कांग्रेसको राजनीतिका क्रममा सहिद भएका शिव पौडेलकी श्रीमती बिनु रायमाझीदेखि सत्याग्रहका साझेदार कन्चनचन्द्र बादे, उर्मिला नेपाललाई मुख्यमन्त्री बानियाँले मन्त्री नियुक्त गरेका हुन् ।

सुरेश श्रेष्ठ:संस्कृति तथा पर्यटन मन्त्री

भक्तपुर क्षेत्र नम्बर १ चाँगु प्रदेश समिति (क) बाट निर्वाचित भएका सांसद सुरेश श्रेष्ठ चाँगुनारायण नगरपालिका वडा नम्बर १ दुवाकोट बेसका स्थानीय हुन् ।

उनी बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्री नियुक्त भएका छन् । उनको पिता पनि नेपाली कांग्रेसबाटै राजनीति गर्ने भएकाले पनि बाल्यकाल देखि बिपीको विचारधाराबाट प्रभावित उनी विद्यालयमा अध्ययन गर्ने क्रममा नै नेविसंघमा आवद्ध भए । उच्च शिक्षा हासिल गर्ने क्रममा सक्रिय रुपमा राजनीतिमा लागेका श्रेष्ठ २०५६ सालमा भक्तपुर बहुमुखी क्याम्पसको स्ववियु सचिवमा विजयी भएका थिए ।

२०६१ सालमा नेविसंघको भक्तपुर जिल्ला अध्यक्ष भएका श्रेष्ठले २०६२/०६३ को जन आन्दोलनमा नेतृत्वदायी भूमिकामा रहे । कांग्रेसको बाह्रौं महाधिवेशनमा जिल्ला सदस्य भएका, तेह्रौं महाधिवेशनमा महाधिवेशन प्रतिनिधि भएका श्रेष्ठ चौधौं महाधिवेशनमा महासमिति सदस्यमा निर्वाचित भए ।

कन्चनचन्द्र बादे: सामाजिक विकास मन्त्री

प्रजातन्त्र सेनानी बाबु गोपालदास बादे र आमा चिनीमाया बादेको छोरा कञ्चनचन्द्र बादे २०३६ को जनतसंग्रहकै ताका राजनीतिमा सक्रिय भइसकेका थिए । उनी १५ वर्षको उमेरमा नेपाल विद्यार्थी संघको जिल्ला सदस्य भइसकेका थिए ।

२०४४ सालमा नेपाल विद्यार्थी संघ काम्रेको कोषाध्यक्ष बनेका बादेले २०४७ सालमा नेविसंघको जिल्ला सभापति बनेर नेविसंघ काम्रेलाई नेतृत्व प्रदान गरेका थिए । नेविसंघसँगै बनेपाको राजनीतिमा होमिएका उनी २०५१ र २०५८ मा गरी २ पटक नेपाली कांग्रेस बनेपाको नगर सभापति भए । २०५८ मा नेपाल तरूण दलको जिल्ला अध्यक्ष बनेका बादे २०६० सालमा तरूण दलको केन्द्रीय सदस्य भएका थिए ।

नेपाल ट्रेड युनियन कांग्रेस काम्रेका संस्थापक अध्यक्ष रहेका बादे २०६४ मा नेपाली कांग्रेस काम्रेको कोषाध्यक्ष भएका थिए । २०५६ मा भएको पार्टीको १० औं र २०६१ मा भएको ११ औं महाधिवेशनमा उनी महासमिति सदस्य समेत भएका थिए । पार्टीको १२ औं र १३ औं महाधिवेशनमा काम्रे क्षेत्र नं ३ को सभापति भएका बादे १४ औं महाधिवेशनबाट बागमती प्रदेश महामन्त्रीमा निर्वाचित भएका थिए ।

२०३६ सालपछिका सबै जनआन्दोलनमा सहभागी भएका उनले २०६२/०६३ सालको जनआन्दोलन घाइते उपचार कोषको संयोजक भएर पनि काम गरेका थिए । २०५४ सालमा भएको स्थानीय निकायको निर्वाचनमा कांग्रेसको तर्फबाट बनेपा नगरपालिकाको उपमेयर निर्वाचित उनी २०६० मा संविधानसभा सदस्य निर्वाचित भएका थिए । सो समयमा उनी उद्योग राज्यमन्त्री भएका थिए ।

उनी २०७९ मा कांग्रेसबाट प्रतिनिधि सभा ३ अन्तर्गतको प्रदेश सभा ख मा प्रत्यक्षतर्फ निर्वाचित भएका थिए । नेपाली कांग्रेस संसदीय दलका मुख्य सचेतक रहेका उनी शुक्रबार सामाजिक विकास मन्त्री नियुक्त भएका हुन् ।

प्रभात तामाङ:आर्थिक मामिला तथा योजना मन्त्री

रसुवाको गोसाईंकुण्ड गाउँपालिका ५ का स्थानीय प्रभात तामाङ संघीयता कार्यान्वयन पछि निरन्तर प्रदेशसभा सदस्य रहेका छन् । अर्थतन्त्र र वित्त क्षेत्रमा रूचि राख्ने उनी २०७४ र २०७९ मा प्रदेशसभा सदस्यमा रसुवा निर्वाचन क्षेत्र नम्बर १ (क) बाट निर्वाचित भएका थिए । २०४८ मा नेपाली कांग्रेसको साधारण सदस्य बनेका तामाङ २०६४ सालमा क्रियाशील सदस्य रहे ।

२०६८ मा रसुवा कांग्रेसको जिल्ला सदस्य भएका उनी २०७२ महा समिति सदस्य निर्वाचित भएका थिए । २०७८ महा समिति सदस्य र प्रदेश कार्य समिति सदस्यको जिम्मेवारीमा रहेका उनी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त भएका छन् ।

उर्मिला नेपाल:युवा तथा खेलकुद मन्त्री

नेविसंघबाट राजनीति सुरू गरेकी उर्मिला नेपाल प्रदेशको युवा तथा खेलकुद मन्त्री नियुक्त भएकी छिन् । उनले २०४२ को सत्याग्रहदेखि नै सक्रिय राजनीतिमा अघि बढेकी उनी २०४६ सालको आन्दोलनमा सक्रिय सहभागी भएकी थिइन् ।

तत्कालीन समयमा उनको राजनीतिक कर्मथलो तेह्रथुम जिल्ला रहेको थियो । तेह्रथुमको म्याङलुङ क्याम्पसको नेविसंघ सदस्य बनेकी उनी सोही समयमा सत्याग्रहमा सहभागी भएकी थिइन् ।

२०४४ मा नेपाली कांग्रेसको तेह्रथुम जिल्ला कार्यसमितिको कोषाध्यक्ष र महिला संघको सभापति पदमा रहेर काम गरेकी उनले तेह्रथुममा रहँदा महिला स·को सभापतिको रुपमा लगभग १६ वर्ष (तीन कार्यकाल) जिम्मेवारी सम्हालेकी थिइन् ।

उनी पटक पटक प्रहरी गिरफ्तारीमा पनि परेकी थिइन् । विशेषगरी ६२/६३ को जनआन्दोलनको क्रममा थापाथलीमा भएको प्रदर्शनमा उनीहरुको समूहमाथि गोली समेत चलाइको थियो । तर, उक्त गोली केही पर खरदा आफ्नो ज्यान जोगिएको उनी सुनाउँछिन् ।

२०७० को संविधान सभा सदस्य निर्वाचनमा धादिङ क्षेत्र नम्बर ३ बाट टिकट पाएकी उनले चुनाव लड्ने अवसर पाइन् । धादिङबाट टिकट पाए पनि त्यहाँको परिस्थिति अनुकूल नभएपछि उनले फिर्ता गर्नु परेको थियो । सो पश्चात् उनको नाम समानुपातिक सूचीमा परेकी थिइन् । २०७४ मा पनि उनको नाम संघको समानुपातिक सूचीमा पर्‍यो । तर, सांसद बन्ने अवसर पाइनन् ।

श्रीमानको जागिरको सिलसिलामा तेह्रथुमबाट ललितपुरको बसाइसराइ सरेकी उनी करिब ३० वर्षदेखि राजनीतिमा सक्रिय छिन् । हाल उनी ललितपुर क्षेत्र नम्बर ३ अन्तर्गत महालक्ष्मी नगरपालिका ९ मा बस्दै आएकी छिन् । उनी २०७९ को निर्वाचनमा कांग्रेसको समानुपातिक कोटामा सांसद बनेकी हुन् ।

बिनु रायमाझी:सहकारी तथा गरिबी निवारण मन्त्री

स्कुले जीवनमा राजनीतिमा खासै चासो नराख्ने बिनु रायमाझी २०६० मा विवाह पश्चात् मने राजनीतिको मूलधारमा उदाएकी हुन् । रत्ननरग नगरपालिका १० की बिनु स्कुलमा रहँदा राजनीति बारे त्यति धेरै सोच नै थिएन । उनी विवाह पछि मने कांग्रेस चितवनको पुवा पुस्ताको नेताको ब्याकबोन नै बनिन् ।

सक्रिय राजनीतिबाट टाढा रहेकी उनको विवाह तरूण दलका नेता शिव पौडेलसँग २०६० मा भएको थियो । श्रीमानलाई राजनीतिमा सघाउनु उनको नियमित प्रक्रिया थिए । भरतपुर १० का शिव पौडेलसँग प्रेमपछि मागी विवाह गरेकी विनुको श्रीमान् तत्कालीन समयमा तरूण दलको केन्द्रीय पार्षद् थिए ।

श्रीमानको प्रेरणाबाट उनी कांग्रेसको क्रियाशील सदस्य बनेकी उनी राजनीतिमा रहेपनि जिम्मेवारी मने नलिइ पार्टीमा लागिन् । २०६८ को घटनापछि मने उनी राजनीतिको मैदानमा उत्रिइन ।

२०६८ को पुस ३ गते भरतपुर कारागार को घटनामा उनका श्रीमान् शिव पौडेलको हत्या भयो । कारागार भित्रै संघातिक आक्रमणबाट शिव पौडेलको हत्या भयो ।

त्यति बेला शिव पौडे तरूण दल चितवनको अध्यक्ष रहेका थिए । तत्कालीन समयमा हत्या आरोपमा पुरपक्षमा कारागार गएका शिवलाई सदाका लागि गुमाएकी थिइन् । शिवलाई २०६८ माघमा अदालतले सफाइ दिएपछि उनको सपना बोकेर बिनु राजनीतिको मैदानमा होमिएकी हुन् ।

उनी २०६९ मा पहिलो पटक कांग्रेस मातृ सङ्गठन तरूण दलको कोषाध्यक्ष बनिन् । राजनीतिमा उनको यो नै पहिलो औपचारिक जिम्मेवारी हो । श्रीमानको निधनपछि उनी २०७३ मा तरूण दल चितवनको अध्यक्ष पदमा चुनाव लडिन् । सो निर्वाचनमा उनी ४ मतले पछि परिन् ।

सो पश्चात् उनी सङ्गठन र पार्टीको कुनै पनि जिम्मेवारीमा छैनन् । राज्यले उनका श्रीमान् शिव पौडेललाई सहिद घोषणा गरेको छ । उनी पार्टीको १३ औं महाधिवेशनबाट महाधिवेशन प्रतिनिधि बनेकी छिन् ।

२०७९ को निर्वाचनमा उनलाई कांग्रेसले समानुपातिक कोटामा बागमती प्रदेश सांसद बनाएको हो । उनी हाल बागमती प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्री नियुक्त भएकी छिन् ।

‘अध्यक्षको देब्रेतिर बस्नेहरुको बोलवाला छ’

*एकजना व्यापारीको दानमा केन्द्रीय कार्यालय भवन लिने निर्णयविरूद्ध बोलेलेखेकै कारण नेकपा एमालेले स्थायी कमिटी सदस्य डा. विन्दा पाण्डेलाई ६ महिना निलम्बन गऱ्यो । उनीसँगै केन्द्रीय सदस्य उषाकिरण तिमल्सेना पनि निलम्बित भइन् भने भीम रावललाई नै निष्काशन गरियो । त्यो ६ महिने अवधि सकिएसँगै पाण्डे र तिमल्सेनाको निलम्बन फुकुवा भएको छ । सम्भवत: उनीहरु अब पार्टी काममा फर्कने छन् । तर, निलम्बनकै समयमा पाण्डेले हालको एमाले निर्माणको कठिन समयमा (पञ्चायतकाल) भूमिगत नेताहरु जोगाउन भुइँमान्छेहरुले गरेको संघर्षलाई लिपिबद्ध गर्दै एउटा पुस्तक प्रकाशन गरिन् । उक्त पुस्तक ‘भुइँमान्छे’ अहिले राजनीतिप्रति चासो राख्नेहरुका निम्ति रूचिमा परेको देखिन्छ ।उनै **विन्दा पाण्डे**सँग पुस्तक भुइँमान्छे र वर्तमान एमालेलाई तुलना गरि प्रकाशित, **अनलाइनखबर**बाट साभार गरिएको यो सामग्री:*

एमाले जसरी चलिरहेको छ, त्यसलाई हेर्दा तपाईंले लेख्नुभएको पुस्तक ‘भुइँमान्छे’ अलिक भारी परेको हो ?

मैले अनुभूत गर्न पाएको छैन । किनभने, म असोजदेखि पार्टी अफिस नै गएको छैन । नेताहरुसँग भेटघाट पनि भएको छैन । त्यसले गर्दा पार्टीमित्र कत्तिको ऐंठन छ, थाहा छैन । केही साथीहरुले पढ्नुभएको छ, तर धेरै साथीहरुले पढिसक्नुभएको जस्तो लाग्दैन । तर एउटा ऐतिहासिक पृष्ठभूमि बुझेर एमालेको राजनीति गर्नुपर्छ भन्ने हो भने यो पुस्तक पढ्नुपर्छ ।

जुन विषयलाई लिएर निलम्बनमा पर्नुभयो, अनि यो पुस्तकमा जस्तो अन्तर्वस्तु उल्लेख छ, त्यसले भारी पर्ने नै देखिन्न र ?

इतिहासमा भएको कुरो लेखिएको हो । यही कुरालाई भारी मान्ने हो भने किन राजनीति गर्नुपऱ्यो र ! तर यो किताब लिएर म फेरि उनै भुइँमान्छेहरुलाई (जसबारे पुस्तकमा लेखिएको छ) भेट्न गएको थिएँ । त्यो सबै ठाउँमा जाँदा धेरै साथीसँग भेटघाट भयो । कोही अलिअलि नेता, धेरै चाहिँ कार्यकर्ता, सदस्य, समर्थकहरुसँग पनि भेटघाट भयो । उहाँहरु सबैले ‘तपाईंले उठाएको कुरा एकदमै ठिक थियो । हामीले उठाउन सकेनौं’ भन्नुभयो ।घर चाहिँ (पार्टी कार्यालय) मदननगरमै बन्नुपर्छ र हामीले हाम्रो घर भन्न पाउनुपर्छ भन्ने देशव्यापी रुपमा मैले देखें ।

साढे पाँच लाख पार्टी सदस्यबाटै पार्टी कार्यालय बन्नुपर्छ भन्ने सुझाव रहेछ ?

५ लाख प्लस । शुभचिन्तक, समर्थकहरुको पनि । जुन कुरा उठाएर म निलम्बनमा परें । हिजो जसले नेकपा एमालेको जग बनायो, ती जगको मैले प्रतिनिधित्व गरेको रहेछु भन्ने फिलिङ गरायो ।

निलम्बन पनि फुकुवा भएको छ । पावर यही भुइँमान्छेहरूकै सन्देश हो ?

६ महिना भन्नुभएको थियो । ६ महिना एक दिनपछि मात्रै गर्नुभयो नि फुकुवा ।एक दिन पनि छुट भएन,एक दिन बढी भयो ।

निलम्बनमा परेपछि एमाले कसले बनायो भन्ने खोजी गर्न थाल्नुभयो भन्ने कतिपयमा देखिन्छ । तर पुस्तक पढ्दा लाग्छ, यति छोटो अवधिमा यो सम्भव छैन...

त्यस्तो होइन । यो किताब लेख्न २०७८ सालको वैशाखबाट नै सुरू गरेको थिएँ । गएको भदौमै अन्तिम पाण्डुलिपि तयार भएको थियो । माले स्थापना दिवसमा बजारमा ल्याउन सकिन्छ कि भन्ने थियो, ११ पुसमा । त्यसबेला ल्याएको भए अर्को ऐंठन हुने रहेछ । किनकि, १० गते त मलाई कारबाही भयो । त्यसपछि पार्टी स्थापना दिवसमा (वैशाख ९ गते) ल्याउनुपर्छ भन्ने लागिरहेको थियो । तर पार्टीले छुट्टी (६ महिना निलम्बनको निर्णय) दियो । अनि अलिकति गति दिन पाएँ ।

त्यसपछि मैले के सोचें भन्दा, यो किताब जसको बारेमा लेखियो, त्योसँग जोडिएको सुखानी पनि हो । २१ फागुन २०२९ मा सुखानीमा यो किताबको भुइँमै रहेका हाम्रा नेताहरुको हत्या गरिएको थियो । त्यही ठाउँमा गएर त्यही दिन किन नगर्ने भन्ने भयो ।

फेरि किताबको जुन शीर्षक छ, त्यो शीर्षकले मागेको मान्छेले गर्नुपर्छ भन्ने पनि भयो । र, कोके बनाउँदा आश्रय दिने भक्तबहादुर आले र माले बनाउँदा आश्रय दिने ठेकबहादुर राईलाई सुखानी बोलाएर उहाँहरुबाट सार्वजनिक गरियो ।

विमोचनका क्रममा केही झमेला पनि आइलागेको थियो क्यारे, होइन ?

सुरूमा औपचारिक कार्यक्रम थिएन । तर इलाम र झापाको पार्टीबाट औपचारिक कार्यक्रम राख्ने भन्नुभयो । त्यही औपचारिक कार्यक्रमबाट पुस्तक विमोचन गरौं भन्नुभयो । निलम्बनको कुरा र किताब त फरक कुरा हो । त्यसैले साथीहरुले सही निर्णय गर्नुभएछ भन्ने भयो । तर, सार्वजनिक हुने तीन दिनअघि यो किताब पार्टीको केन्द्रीय प्रकाशन तथा प्रचारप्रचार विभागबाट सेन्सर पास गरेर आउनुस् भन्ने खालको कुरा भयो । जिन्दगीमा कहिल्यै नसुनेको कुरा भयो । पञ्चायतकालमा पनि कुनै आर्टिकल, पुस्तक सेन्सर गरेर निकालिएन । पञ्चायत फालेर बहुदल, बहुदलीय व्यवस्था पार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपछि सेन्सर पास गरेर सार्वजनिक गर्ने भन्ने कुरा मबाट हुँदैन भनें । माथिबाट निर्देशन नै त्यस्तै छ भने त्यो कार्यक्रममा नगरौं, तपाईंहरु पहिला कार्यक्रम सक्नुस्, यसपछि छुट्टै सार्वजनिक गरौंला भन्ने कुरा भयो ।

निलम्बित मान्छेले लेखेको पुस्तकले अप्ठ्यारो पार्छ भनेर हो कि ?

मैले मेरो विभागबाट लेखेको होइन, यो त मेरो किताब हो नि । पछि मैले सोधें पुस्तक सेन्सरको कुरो कहाँबाट आयो भनेर । प्रदीप ज्ञवालीसँग पनि कुरा भयो । उहाँले पनि यो नहुने कुरो भन्नुभयो । पछि मैले अध्यक्षसँग भेट्दा पनि भनें । झापा जाँदा तपाईंलाई पनि भन्नुभयो होला साथीहरुले । मलाई त सेन्सर पास गरेर किताब ल्याउनु भन्नुभयो । मैले चाहिँ जिन्दगीमा कहिल्यै त्यस्तो नसुनेको कुरा हो । मबाट हुँदैन भनेर सेन्सर पास नगरी लेखेको किताब यही हो कमरेड भनेर अध्यक्षजीलाई नै दिएर आएँ । त्यो अलि अप्ठ्यारो अप्ठ्यारो खालको कुरा थियो ।

अप्ठ्यारोअप्ठ्यारो भन्दा पनि वर्तमान एमाले यस्तै हो पनि भन्न थालेछन् क्यारे ?

थाहा छैन, कसले निर्देशन दियो, आजसम्म खुलेको छैन । तर त्यहाँका साथीहरुले केन्द्रबाट यस्तो आएको छ भन्नुभयो, मैले त्यो काम मबाट हुँदैन भनें । र, छुट्टै गरियो ।

प्रतिक्रिया चाहिँ कस्तो पाउँदै हुनुहुन्छ अहिले ?

मैले ५/६ वटा किताब लेखँ । यसलाई चाहिँ सबैले मेरो किताब भन्ने अपनत्व प्राप्त गरेको महसुस भइरहेको छ । यो किताब तिनै भुइँमान्छेहरुको हो, जसले पार्टी बनाए । तिनै भूमिगत नेताहरुको कथा हो । त्यसैले मैले लेखे पनि स्वामित्व उहाँहरुमै छ जस्तो लाग्न थालेको छ । यो पुस्तकमा कम्युनिष्ट आन्दोलनको इतिहास र पुनर्गठित एउटा धारको संघर्ष समेटिएको छ, सम्भवत: २०४६ सालभन्दा अगाडिको । झापा आन्दोलनदेखि २०४६ सालमा बहुदल नआउँदासम्मको राजनीतिक आन्दोलन हेर्दा मुलुकभित्रै बसेर आन्दोलन गर्नुपर्छ भन्ने खालको काम मालेले गरेको रहेछ । सुरूमा झापा आन्दोलमा सशस्त्र विद्रोहका कुराहरु भए । तर सशस्त्र युद्धबाट जानु हुँदैन, जनतालाई कन्भिन्स गरेर परिवर्तन गर्नुपर्छ भन्ने बहस कोके बनेदेखि नै, खासगरी त्यसको नेतृत्व मणिलाल राईले गर्नुभएको रहेछ ।

बहस हुँदै जाँदा २०३७ सालबाट चाहिँ जनतालाई संगठित गरेर, सचेत बनाएर परिवर्तन गऱ्यौं भने मात्रै दिगो हुन्छ भन्नेमा मालेले जोड दियो । त्यसैले जनताको सचेत सहभागितामा निर्माण भएको पार्टी माले रहेछ ।

२०४६ साल भनेको धेरै अगाडिको कुरा हो । अहिले कसरी पार्टी बनाउने भुइँमान्छेहरूको याद आयो ?

नेपालको श्रमिक आन्दोलनमा महिला सहभागिताबारे मैले २०५७ सालमा किताब लेखेको हो । त्यो किताब किन लेखँ भन्दा म ट्रेड युनियनमा जोडिँदा ‘ट्रेड युनियन एजुकेसन एन्ड लिटरेसी क्याम्पेन’ चलाइएको थियो । यो अभियान सञ्चालन गर्दा ट्रेड युनियनको इतिहास पढाउनुपर्ने एउटा कोर्स थियो । त्यसमा एउटा पनि महिलाको नाम थिएन । तर तथ्य अर्कै थियो ।

२००३ सालकै श्रमिक आन्दोलनमा नेतृत्वमा महिला हुनुहुन्थ्यो । पुरूष नेताहरु गिरफ्तार भइसकेपछि आन्दोलन सिथिल हुन पुग्यो । अनि दिव्या कोइरालाको नेतृत्वमा महिलाहरु सडकमा आन्दोलन तताएर गिरफ्तार भई जेल बस्नुभएको रहेछ । २००७ सालमा पनि नन्दा नेपालसहित २७ दिनसम्म अनसन बसेको, पार्वती पासवानले जुलुस गर्दागर्दै मैदानमै बच्चा जन्माएको र नामै हड्तालीमा राखिएको लगायत कुराहरु इतिहासमा भुलेका रहेछौं ।

पुस्तक लेख्नेहरूले बेइमानी गरे ?

बेइमानीभन्दा पनि खोजिएन । पृथ्वीनारायण शाहको पालाकै कुरा गर्दा पनि बिसे नगर्चीको श्रीमतीको कुरा इतिहासमा छुटेको



विन्दा पाण्डे

छ । सभामा बस्दा हतियार किन्नुपर्छ, तर पैसा कसरी संकलन गर्ने भन्ने कुरा उठ्यो । बेलुकी बिसे नगर्चीले यही कुरा घरमा गर्दा उहाँकी श्रीमती देउकीले ‘गोर्खा राज्यभरि कतिवटा घर छन्, एकएक रूपैयाँ उठाए नि पुग्छ होला नि’ भनिन् । भोलिपल्ट यही कुरा सभामा बिसे नगर्चीले राखे र त्यसरी पैसा संकलन गरेर हतियार किनेको प्रसंग मैले कुनै दस्तावेजमा पढेको थिएँ । तर हाम्रो इतिहासमा महिलाको यो पाटो लेखिँदैन ।महिलाको भूमिका छुटेर जाने रहेछ ।

अँ । ट्रेड युनियनको मुखमेन्टमा पनि त्यो (महिला भूमिका) रहेनछ । पछि खोज्दै जाँदा हेर्दौंडा औद्योगिक क्षेत्रदेखि लिएर बुटवल औद्योगिक क्षेत्र, बालाजु औद्योगिक क्षेत्र, यातायात क्षेत्र, ट्रेकिङ क्षेत्र, सफाइ क्षेत्र, सबै आन्दोलनमा महिला थिए । अग्रपंक्तिमा रहेर भूमिका निर्वाह गरेको थाहा भएर किताब लेखँ ।

किताबकै कुरा गरौं, जसले आश्रय दियो, ऊ जोगी सरह छ । जसले आश्रय लियो, ऊ राजा जिन्दगी बाँच्दैछ, जस्तो निष्कर्षमा पुग्न सकिएला ?

त्यति साह्रै पनि होइन । धेरै परिवर्तन भएको छ तल पनि । उहाँहरुकै जीवनमा पनि परिवर्तन भएको छ । जस्तो: चितवनको नेपाल ढोलको कुरा गर्नुभयो भने त्यहाँ एकजना विश्वकर्मासँग मैले के फरक पाउनुभयो भनेर सोधेको थिएँ । उहाँले भन्नुभयो: पञ्चायतकालमा एकजोर नयाँ जुत्ता लगायो भने पनि चोरेर लगाएको आरोप खेप्नुपथ्र्यो । पँधेरामा पनि सबै विष्टहरुले पानी थापिसकेपछि मात्र पालो आउँथ्यो । हाम्रा छोराछोरी स्कुल जाने स्थिति बन्दैनथ्यो । हाम्रा घरमा बत्ती बल्दैनथ्यो । तर, आज घरको छेउमा सडक आएको छ । घरमा बत्ती आएको छ, धारा आएको छ, छोराछोरी स्कुल जान पाएका छन् ।

तपाईंले पुस्तकमा लेखेका धेरै नाम त नेताहरूलाई थाहै पनि नहोला, होइन ?

छैन । एउटा घटना त्यहीं छ । जसले कोके बनाउँदा आश्रयको व्यवस्था गर्नुभयो, जुन नेता गएर सबैभन्दा धेरै त्यहाँ आश्रय लिनुभयो, पछि उहाँ पोजिसनमा हुँदा भेट्न जाँदा एकपल्ट सुरक्षा निकायले मित्रै जान दिएन । अर्कोपल्ट उहाँले सहज चिन्नुभएन । चित्तदुखाइ त्यस्ता कुराहरुमा छ । हिजो त्यत्रो दु:ख गरेर जोगाएका नेताहरुले आज चिन्नु पनि हुन्न ।उहाँहरुको धेरै माग छैन । गाउँठाउँतिर कार्यक्रम हुन्छन् । त्यो कार्यक्रममा आउँदा उहाँहरुको नजिक जान पाउँदैनौं । सुरक्षा निकायले परपर धकेल्छ । उहाँहरुका कुरा मात्रै एकोहोरो सुन्छौं, हाम्रा कुरा सुनाउनै पाउँदैनौं भन्ने छ । फ्यान्सी होटलहरुमा बस्नुभन्दा कार्यकर्ताको घरमा बसिदिए अनौपचारिक हिसाबले कुराहरु सुनाउन पाउँथ्यौं । हाम्रो कुराहरु अलिकति बढी उहाँहरुका पुग्थ्यो कि भन्ने न हो, भुइँमान्छेका कुरा ।

यस्तो प्रवृत्ति त अन्याय होइन ?

अन्याय हो । उहाँहरुले सुझाव त्यो हिसाबबाट दिनुभएको छ । त्यसैले यो किताब पढिसकेपछाडि लिडरसिपले कसरी लिन्छ भन्ने चाहिँ सबैभन्दा ठूलो प्रश्न हो । उहाँहरुको (भुइँमान्छे) त्यो खालको पहुँच छैन । र, पार्टी जनताको बीचबाट अलग्गिँदै छ भन्ने कुरा नेतृत्वले बुझ्नुपर्छ भन्ने उहाँहरुको सुझाव छ ।

सहीखबर

समाचार/स्वास्थ्य

www.saheekhabar.com

२०८२ भदौ ५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा....

पेज १ बाट निरन्तर

छ । एबीबीएस कार्यक्रमको अनुमति लिन पनि प्रतिष्ठानले निर्माणाधीन भवन र अस्पताल देखाएको छ ।

भौतिक संरचना तथा उपकरण र जनशक्ति व्यवस्थापन गरेर एबीबीएसको अध्यापन अनुमति लिएको प्रतिष्ठानको संरचनागत विकासमा सरकारको उदासीनता देखिएको छ । प्रतिष्ठानले हेटौँडा १० स्थित भुटनदेवी चौरको जग्गामा निर्माणाधीन शैक्षिक भवन र हेटौँडा १ हेटौँडा अस्पताल परिसरमा निर्माण भइरहेको २०० शङ्ख्या क्षमताको अस्पताललाई पूर्णता दिएर औजार उपकरण जडान गुर्नुपर्ने चुनौती कायमै छ ।

गत आर्थिक वर्ष (२०८१/०८२) को असारमै सम्पन्न गर्ने लक्ष्य लिइएका शैक्षिक भवन पनि निर्माण सम्पन्न हुन सकेका छैनन् । अस्पताल भवनको पूर्वाधार निर्माणको काम लगभग सम्पन्न भए पनि औजार उपकरण भने प्राप्त हुन सकेको छैन ।

संघीय सरकारको विशेष अनुदानमार्फत ५० करोड लागतमा हेटौँडा १०, भुटनदेवी चौरमा ६ तले भवन निर्माण भइरहेको छ । निर्माण व्यवसायीको ढिलासुस्तीका कारण सो भवन सम्पन्न गर्ने म्याद ६ महिना थप गर्ने प्रक्रिया चलिरहेको छ ।

प्रतिष्ठानको शैक्षिक भवन (बेसिक साइन्स) निर्माणका लागि प्रदेश राजधानी पूर्वाधार विकास आयोजना कार्यालय हेटौँडाले गत २०७८ फागुन २३ गते ठेक्का सम्झौता गरेको थियो । उक्त भवन गत २०८१ भदौ २२ गतेसम्ममा निर्माण सम्पन्न हुनुपर्नेमा विभिन्न समस्याका कारण असारसम्मका लागि म्याद थप गरिएको थियो ।

कार्यालयले उक्त भवन निर्माणका लागि कुमार आरएन सीएस जेभी गोकर्ण ११ काठमाडौँलाई म्याद‌सहित ४९ करोड ९५ लाख ३ हजार रूपैयाँमा ठेक्का दिएको थियो । समयमै काम नगर्दा उक्त भवनको सम्पूर्ण व्ययभार प्रदेश सरकार मातहत परेको छ । हाल बेसिक साइन्स भवनको काम ५५ प्रतिशत सम्पन्न भएको छ । सो भवनका लागि संघीय सरकारले प्रतिष्ठानलाई ९७ करोड विशेष अनुदान दिएको थियो ।

त्यस्तै, प्रतिष्ठानकै पहलमा हेटौँडा अस्पताल परिसरमा संघीय सरकारको विशेष अनुदानमार्फत २३ करोड रूपैयाँ लागतमा ६ तले अस्पताल निर्माणको काम सम्पन्न भइसकेको छ । प्रदेश सरकार मातहतको सहरी विकास तथा भवन कार्यालय हेटौँडाले गत २०७८ असार १८ गते २३ करोड ६४ लाख ३५ हजार रूपैयाँमा अस्पताल निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो । गत २०८० पुस १६ मा निर्माण सम्पन्न गर्ने गरी विकोई नव सृजनशील जेभीले ठेक्का लिएको उक्त भवन निर्माण समयमा सम्पन्न नभएपछि वैशाखसम्मका लागि म्याद थप गरिएको थियो ।

हाल अस्पतालसँगै रहेको २०० बेड भवनको संरचना निर्माणको काम सकिएको छ । उक्त भवनको केही फिनिसिङ कार्य बाँकी छ । सो भवनमा प्रतिष्ठानले २ सय बेडको अस्पताल सञ्चालन गर्ने योजना तयार पारेको थियो । सो भवनका लागि संघीय सरकारले ३२ करोड रूपैयाँ विशेष अनुदानमार्फत दिएको थियो ।

रजिष्ट्रार गुरागाईंका अनुसार हाल प्रतिष्ठानको भौतिक संरचनाको विकासका लागि प्रदेश सरकार र संघीय सरकारसँग ३ वटा प्रोजेक्टको तयारी भइरहेको छ । हेटौँडा उपमहानगरपालिकाले उपलब्ध गराएको ८ बिघा क्षेत्रफलको जग्गामा प्रतिष्ठानको कार्यालय भवन निर्माणका लागि बजेट व्यवस्थापनको काम भइरहेको छ ।

उनका अनुसार एबीबीएस अध्यापनका लागि नवनिर्मित अस्पताल भवनको चौथो र पाँचौँ तलालाई कक्षा कोठा, पुस्तकालय, ल्याब र फ्याकल्टी रूमको रुपमा निर्माण गर्ने तयारी गरिएको छ । गौरीठारको भवनलाई व्यवस्थापन र स्तरोन्नति गरी कक्षाकोठाको व्यवस्थापन गरिएको उनले बताए ।

उक्त कार्यका लागि हेटौँडा अस्पतालको आन्तरिक स्रोतबाट अधिकतम ७ करोड रूपैयाँ र प्रदेश सरकारबाट प्रतिष्ठानलाई प्राप्त विकास बजेटको ७ करोड रूपैयाँ खर्च गर्ने तयारी छ । उक्त बजेटबाट अस्पतालको पहिलो तलामा औजार उपकरण राख्ने र बाँकी आगामी वर्षमा गर्नेगरी बजेट व्यवस्थापनको तयारीमा रहेको उनको भनाइ छ ।

प्रतिष्ठाने नियुक्त गरेका १०३ जनशक्तिमध्ये हाल हेटौँडा अस्पतालमा रहेका ४० चिकित्सकहरूलाई थप जिम्मेवारी दिएको गुरागाईंले बताए । उनीहरुलाई थप सेवा गर्ने गरी प्राज्ञिक तथा शैक्षिक जनशक्तिको रुपमा नियुक्त गरिएको उनको भनाइ छ ।

हेटौँडा अस्पतालको पुरानो भवनमा पीआइसीयु र एनआइसीयु सञ्चालनका लागि हेटौँडा उपमहनगरपालिकाको ३ करोड र अस्पतालको आन्तरिक कोषबाट ३ करोड खर्च गर्ने तयारी अनुसार काम अघि बढाइएको गुरागाईंले बताए ।

घर भाडामै सकिन्छ वार्षिक ४ लाख ९८ हजार

भौतिक संरचनाको अभावका कारण प्रतिष्ठानले आ नो शैक्षिक कार्यक्रम सञ्चालनका लागि हेटौँडा ११ मा रहेको नलेज मिलेजमा घर भाडामा लिएको छ भने हेटौँडा ६ हटियास्थित गौरीठार र गोशालामा रहेको द्रस्टको भवनलाई मर्मत गरेर प्रयोगमा ल्याएको छ । प्रतिष्ठानको कार्यालय प्रयोजनका लागि हेटौँडा १० मा रहेको तत्कालीन ढिम्बर अफ कर्पोरेसन (टीसीएन)को पुरानो भवन पनि प्रयोग गर्दै आएको छ ।

त्यस्तै, खोज तथा अनुसन्धानका लागि हेटौँडा ८ कमानेस्थित स्थानीय लोकतान्त्रिक पार्कको भवन प्रयोग भइरहेको छ भने केही समय अघि मात्र प्रतिष्ठानले हेटौँडा ४ हुप्राचौरस्थित ६ तले घरमा नयाँ कार्यक्रम अध्यापन गराउने गरी भाडामा लिएको छ ।

प्रतिष्ठानले ती भवन प्रयोग गरेबापत वार्षिक ४ लाख ९८ हजार रूपैयाँ खर्चिने गरेको प्रतिष्ठानका रजिष्ट्रार गुरागाईंले जानकारी दिए । उनका अनुसार घर भाडा बापत प्रतिष्ठानले कार्यालय प्रयोजनमा प्रयोग गरेको टीसीएनको घरलाई मासिक ३९ हजार रूपैयाँ, नर्सिङ भवन हुप्रा चौरको घरलाई मासिक ३ लाख ९३ हजार रूपैयाँ, शैक्षिक भवनका रुपमा प्रयोग गरिएको नलेजमिलेजलाई १ लाख २६ हजार रूपैयाँ र स्टोर भवनलाई ४० हजार रूपैयाँ खर्च गर्ने गरेको छ ।

१०३ प्राज्ञिक जनशक्तिको नियुक्ति

प्रतिष्ठानले एमबीबीएस र एमडीजीपी कार्यक्रम अध्यापन कार्यका लागि १०३ जना प्राज्ञिक जनशक्ति भर्ना गरेको छ ।

प्रतिष्ठानको प्राज्ञिक सेवा तर्फ आवश्यक जनशक्ति करार सेवाबाट लिइएको रजिस्ट्रार गुरागाईंले बताए । उनका अनुसार प्रतिष्ठानले एनाटोमी, फिजियोलोजी, बायोकेमेष्ट्री, प्याथोलोजी, फर्माकोलोजी, कम्युनिटी मेडिसिन, माइक्रोबायोलोजी, सर्जरी, इएनटी, अर्थोमोलोजी, रेडियोलोजी, साइकाट्रिक, डेन्टल, डर्माटोलोजी, फोरेन्सिक मेडिसिन संकायका प्राध्यापक नियुक्त गरेको हो ।

त्यस्तै साइकोलोजी, प्याथलोजी, कम्युनिटी मेडिसिन, फोरेन्सिक मेडिसिन, माइक्रोबायोलोजी, अर्थोमोलोजी, रेडियोलोजी, डर्माटोलोजी, एडिजीपी, इएनटी, बायोकेमेष्ट्रि, हेम्याटोलोजी, मिडवाइफरी नर्सिङ, कम्युनिटी हेल्थ नर्सिङ, साइकाट्रिक नर्सिङ, पेडिएट्रिक नर्सिङ, फर्माकोलोजीको लेक्चरर र ल्याब मेडिसिनको इन्स्टक्टर भर्ना गरिएको उनको भनाइ छ ।

प्रतिष्ठाने नियुक्त गरेका १०३ जनशक्तिमध्ये हाल हेटौँडा अस्पतालमा रहेका ४० चिकित्सकहरूलाई थप जिम्मेवारी दिएको गुरागाईंले बताए । उनीहरुलाई थप सेवा गर्ने गरी प्राज्ञिक तथा शैक्षिक जनशक्तिको रुपमा नियुक्त गरिएको उनको भनाइ छ ।

गरुडको प्रजनन केन्द्र बन्दै चितवनको बाटुलीपोखरी



चितवन । चितवनको भरतपुर महानगरपालिका १३ स्थित बाटुलीपोखरी जलचर घुँगीफोर गरूड (एसियन ओपनबिल) का लागि प्रजनन केन्द्रको रुपमा विकसित भएको छ। यहाँ घुँगीफोरले सयौँ चल्ला कोरलेका छन्।

बाटुलीपोखरी मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापनमा रहेको यो पोखरी वरपरका १०४ वटा रूखमा घुँगीफोरले ४७८ वटा गुँड बनाएका समूहका अध्यक्ष कृष्णहरि प्रसाईंले बताए। एउटै रूखमा १० वटासम्म गुँड छन्।

'घुँगीफोरले सुक्खा रूखहरुमा गुँड बनाउने गर्छन्भने घुँगी तथा साना जलचर खाने गर्छन्,' अध्यक्ष प्रसाईंले भने, 'हामीले अवलोकन गर्दा १०४ वटा रूखमध्ये केबल तीन वटामा मात्र हरियो रूखमा गुँड देखिएको छ, बाँकी सबै सुक्खा रूखमा छन्।'

प्रजनन याममा घुँगीफोरहरुको गतिविधि हेर्न पन्छी अवलोकनकर्ता र संरक्षणकर्महरु उत्साहका साथ आउने गरेका छन्। प्रजनन अवधिमा पोखरी क्षेत्रमा डुङ्गाजस्ता पर्यटकीय गतिविधिहरु बन्द गरिएको छ।

यस क्षेत्र पहिले 'ठूलो घोल'को नामले चिनिन्थ्यो, जहाँको पानी राप्ती नदीमा मिसिन्थ्यो। तर विसं २०६५ मा गङ्गानगर सिँचाइ आयोजना र सामुदायिक वन उपभोक्ता समूहको सहकार्यमा डयाम निर्माण गरी पोखरीमा रुपान्तरण गरिएको हो। अहिले यो क्षेत्र केवल सिँचाइका लागि मात्र नभई जैविक विविधताका लागि पनि महत्त्वपूर्ण बनेको छ।

अध्यक्ष प्रसाईंका अनुसार, पहिले यहाँ जाडोयाममा साइबेरियन चरा देखिन्थे, तर अहिलेका वर्षहरुमा स्थायी रुपमा बसोबास गर्ने रैथाने पन्छीहरु देखा पर्न थालेका छन्। उनले भने, 'सात वर्षयता घुँगीफोर यहाँ आउन थालेका हुन्।'

घुँगीफोरले चैत वैशाख महिनादेखि गुँड बनाउन सुरू गर्छन्, जेठमा फुल पार्छन् र भदौमा चल्ला कोरल्छन्। ठूला झुन्डमा रहने यिनले सामूहिक रुपमा गुँड बनाउने बानीले गर्दा अन्य चराहरुलाई आफ्नो उपस्थिति सहजै थाहा नहुने अध्यक्ष प्रसाईंले बताए।

पहिले घुँगीफोरले बीसहजारी तालमा गुँड बनाउने गरेका तर त्यहाँका रूख कुहिएपछि नयाँ वासस्थानका रुपमा बाटुलीपोखरीमा बस्न थालेका जानकारी दिँदै उनले भने, 'घुँगीफोरले केवल सुक्खा रूखमा मात्र गुँड बनाउने भएकाले त्यस्ता रूख संरक्षण गर्नुपर्छ।'

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौं । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

● सहीखबर साप्ताहिक

पत्रकार महासंघ मकवानपुरले स्थापना गर्यो सुत्केरी प्रवर्द्धन कोष

○सहीखबर संवाददाता

मकवानपुर । पत्रकारिता क्षेत्रमा संलग्न पत्रकार महिलाहरूको लागि नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले प्रजनन स्वास्थ्य तथा सुरक्षित सुत्केरी प्रवर्द्धन कोष सुरू गरेको छ ।

महासंघले बिहीबारबाट औपचारिक रुपमा यो कार्यको शुभारम्भ गरेको हो।

महिला पत्रकारहरुको प्रजनन स्वास्थ्य उपचार र सुरक्षित सुत्केरी प्रवर्द्धनका लागि सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको कोषको हटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा शुभारम्भ गरिएको हो । कोषका लागि उपमहानगर पालिकाले ५ लाख रूपैयाँ अनुदान व्यवस्था गरेसँगै कोषको आभारम्भ गरिएको हो ।

नगर प्रमुख लामाले महिला पत्रकारहरुको प्रजनन स्वास्थ्य र सुरक्षित सुत्केरीका लागि महासंघले यस्तो कोष स्थापना गर्नु प्रशंसनीय भएको बताइन् । उनले उपमहानगर महिलाको विषयमा निकै संवेदनशील रहेको उल्लेख गर्दै यो कोषले महिला पत्रकारहरुको स्वास्थ्य सुरक्षामा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरिन् । उनले कार्यक्रमकैबीच कोषमा व्यक्तिगत रूपमासमेत १० हजार रूपैयाँ प्रदान गर्ने घोषणा गरिन् ।



यसौगरी उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँले महिला पत्रकारहरुका लागि यो कोष सञ्चालन गर्नु ऐतिहासिक कदम भएको धारणा राखे ।

राज्यले महिलालाई प्राथमिकतामा राखेर काम गरिरहेको सन्दर्भलाई जोड्दै उनले उपमहानगरपालिका पत्रकार का सबै खालको हितमा सहयोग गर्न सधैं तयार रहेको बताए । उपप्रमुख बानियाँले पनि व्यक्तिगत तर्फबाट कोषमा १० हजार रूपैयाँ सहयोग गर्ने घोषणा गरे ।

त्यसैगरी, महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी र ब्रोडकस्टिङ एसोसिएसन नेपालका वरिष्ठ उपाध्यक्ष उज्ज्वल चौलागाईंले पनि कोषमा १०/१० हजार रूपैयाँ सहयोगको घोषणा गरे ।

कार्यक्रममा वरिष्ठ पत्रकार प्रताप विष्ठ र पत्रकार महासंघ बागमती प्रदेशका निवर्तमान उपाध्यक्ष सम्झना कार्कीले २/२ हजार रूपैयाँ सहयोग गरे ।

यसका साथै महासंघ मकवानपुर शाखाको कार्य समितिबाट ११ हजार संकलन गरी कोषमा राखिएको छ । कोषले मकवानपुरका महिला पत्रकार हरुको प्रजनन स्वास्थ्यको क्षेत्रमा महत्वपूर्ण टेवा पुर्‍याउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा स्वास्थ्यकर्मी महासंघ मकवानपुरको तर्फबाट पत्रकार महासंघका लागि महिनावारी प्याड, सुत्केरी महिला पत्रकारका लागि खाद्य सामग्री प्रदान गरिएको थियो ।

सहयोगी मन नेपालले पनि महासंघलाई ब्लड प्रेस नाप्ने उपकरण सहयोग गर्नुका साथै प्रत्यक सुत्केरी पत्रकारलाई ५ लिटर तेल सहयोग गर्ने घोषणा गरेको छ ।

साथै महासंघले बिहीबार तीज विशेष कार्यक्रम समेत आयोजना गरेको अध्यक्ष बालकृष्ण अधिकारीले बताए ।

हेटौंडामा गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम आयोजना गरिएको छ । बुधबार सिस्नुपानी नेपाल मकवानपुरले हेटौंडामा गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम गरेको छ ।

कार्यक्रममा दिविशा श्रेष्ठको टोलीले स्वागत नृत्य प्रस्तुत गरेका थिए । विभिन्न कलाकार तथा साहित्यकारहरूले प्यारोडी गायन, हास्यव्यङ्ग्य कविता, हास्यव्यङ्ग्य नाटक तथा समाचारलगायतका प्रस्तुति गरेका थिए ।

राजकुमार लामिछाने, चिरञ्जीवी लामिछाने र संप्रस पौडेलको टिमले 'नीति तथा कार्यक्रम' सागर तिमल्सिनाले 'चारैतिर आँखा नचाइ', अजर फुयाँलले 'आउ हामी तर मारौं' र सुमार्गी हुमागाईंले 'रामजाने' प्यारोडी गायनका साथै क्यारि केचर प्रस्तुत गरे ।

आकाशकाजी श्रेष्ठ, डीबी बर्तौला, सुवास सजल, विशेषता अधिकारी र रीता लामाको समूहले 'मर्निङ्ग वाक' प्रहसन प्रस्तुत गर्दा गोविन्द पौडेलले हास्यव्यङ्ग्य कविता र गहन खतिवडाले 'एकादेशको कथा' गायन प्रस्तुत गरेका छन् ।

कार्यक्रमको सभाध्यक्षबाट स्वागत, राष्ट्रिय गीत बाट कार्यक्रम उद्घाटन गरिएको कार्यक्रममा प्रमुख अतिथी करसैलाई बनाइएको थिएन ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी नगरप्रमुख मिना कुमारी लामाले साहित्यसहित सर्वाङ्गीण विकासका लागि आफूहरू लागि परेको बताइन । ४ नम्बर वडा अध्यक्ष नवीन सिञ्देलले सिस्नुपानी नेपाल मकवानपुरसँग सहकार्यका तेस्रो पटक गाइजात्रा कार्यक्रम आयोजना गरिएको बताए । अगामी दिनमा समेत सहकार्यले नियमितता पाउने आश्वासन दिए ।

सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष संप्रस पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकपानपुरका प्रमुख ललितबहादुर घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी रिकम श्रेष्ठ, हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख मीनाकुमारी लामा, वडा नं. ४ का वडा अध्यक्ष नवीन सिञ्देल, राष्ट्रियसभाका पूर्वसदस्य केदार न्यौपाने र रामचन्द्र राई, प्रमुख प्रशासकीय अधिकृत भरत गौतमलगायत सहभागिता थिए।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,
वातावरण स्वच्छ र हराभरा राखौं ।
पानीको मुहान/स्रोत संरक्षण गरौं ।
● सहीखबर साप्ताहिक

दुर्गम बस्तीमा पक्की सडक

○ सहीखबर संवाददाता

मकवानपुर । कहिल्यै सरकारी कर्मचारी जान नमान्ने र "डाँडाकाँडाको विकट गाउँ" भनेर चिनिने मकवानपुरका ग्रामिण बस्तीहरु पछिल्ला केही वर्षयता क्रमशः सुगम बन्दै गएका छन् ।

तीनै तहका सरकारले विशेषतः स्थानीय तहको सक्रिय लगानीले बस्तीबस्तीमा पक्की सडक र पुल निर्माण भएपछि दुर्गम मानिएका क्षेत्रमा अहिले स्वास्थ्य सेवा र कृषिजन्य उत्पादनको बजारिकरण सहज भएको छ ।

संघीयता सुरू हुनुअघि सम्म सडक सञ्जालको नाम मात्र रहेको र वर्षायाममा महिनौंसम्म यातायात बन्द हुने यी बस्तिहरुमा अहिले वर्षैभरि सवारी साधन चल्ने सडकको पहुँच पुगेको मकवानपुर गढी गाउँपालिका वडा नम्बर ५ का श्याम रूम्बा बताउँछन् ।

"पहिला बिरामी परे बोकेर घण्टा हिँड्नु पर्थ्यो, अहिले गाउँबाटै एम्बुलेन्स चल्ने भएको छ," उनले भने ।

बितेका पाँच वर्षयता मात्रै मकवानपुरका १० वटा स्थानीय तहमा दर्जनौ सडकहरू पक्की बनेका छन् र खोलामा पुल निर्माण गरिएको छ । गाउँगाउँ जोड्ने सडक कालोपत्र र ढलान भएको स्थानीय वासिन्दाहरू बताउँछन् ।

प्रदेश र संघीय निकायको समन्वयमा स्थानीय तहहरुले प्राथमिकताका आधारमा बस्ती छिर्ने सडक, कल्भर्ट र साना पुल निर्माण गर्दा ग्रामीण क्षेत्रमा ठूलो सहजता आएको हेटौंडा १९ का मोहल लामा बताउँछन् ।

बिकट गाउँका बस्तीमा सडक निर्माण भएपछी मकवानपुर को राक्सिराङ, कैलाश, बागमती, मनहरी, इन्द्रसरोवर, थाहा नगर पालिका, मकवानपुरगढी गाउँपालिका, बकैया गाउँपालिका, भीमफेदी गाउँपालिकाका कृषकहरुको तरकारी तथा दूध सिधै हेटौंडा बजार पुग्न थालेको छ ।

इन्द्रसरोवर ३ का कृषक सोमबहादुर गोले भन्छन्, "अगाडि तरकारी र फलफूल बोकेर पैदल हिँड्थ्यौं, अहिले चाहिँ घरमै ट्रक आउँछ, बारीबाटै बेच्न पाएका छौं ।"

जिल्लाको सबैजसो स्थानीय तहका प्रत्यक वडामा अहिले सडकसँगै बिजुली, खानेपानी र स्वास्थ्य चौकीको पहुँच पुगेको स्थानीय तहहरुले बताएका छन् ।

स्थानीय जनप्रतिनिधिहरूका अनुसार सुरूवाती चरणमा सडकको खोल्ने काम मात्र भएकाले वर्षायाममा ठप्प हुने समस्या थियो ।

तर पछिल्लो समय स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको समन्वयमा ती सडक स्तरोन्नति र स्लाब ढलान गर्न सकिएको हो ।

जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु

- ❖ बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- ❖ कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- ❖ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- ❖ जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- ❖ जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- ❖ जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- ❖ जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- ❖ लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ मिल्दैन एकीन गरौं,
- ❖ सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- ❖ नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड